आज मिति २०८२/०२/०५ गते यस लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष श्री मेजर कुमार राई ज्यूको अध्यक्षतामा आ.व. ०८१/०८२ को पन्ध्रौं कार्यपालिका बैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावहरुमाथि छलफल गरी आवश्यक निर्णय गरियो ।

**उपस्थितिहरुः**

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मेजर कुमार राई | अध्यक्ष | |
| २ | श्री पुष्पलाल राई | उपाध्यक्ष | |
| ३ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ४ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ५ | श्री गुरुमणी कुमाई | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री कबिचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ९ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| १० | श्री पृथी रसाईलि | कार्यपालिका सदस्य | |
| ११ | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १३ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १४ | श्री युवराज ओली (नि.प्र.प्र.अधिकृत) | सदस्य सचिव | |
| १५ | श्री बिपन राई (कम्प्यूटर अपरेटर) | सचिवालय कर्मचारी | |
| आमन्त्रीतहरु | | | |
| १ | श्री तारा किरण राई | निवर्तमान प्र. प्रशासकीय अधिकृत | |
| २ | | | |

**पन्ध्रौं कार्यपालिका वैठकको प्रस्तावहरुः**

१. कार्यालय प्रमुख व्यवस्थापन सम्बन्धमा ।

२. मिति २०८१/६/६ गतेको कार्यपालिका वैठकको निर्णय नं १ बदर गरी पुनः सूचाना गर्ने सम्बन्धमा ।

३. ठेक्काको म्याद थप गर्ने सम्बन्धमा ।

४. स्टाफ नर्सको विज्ञापन सम्बन्धमा ।

५. अस्पताल दर्ता सम्बन्धमा ।

६. अस्पताल जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

७. एक्साभेटर मर्मतको लागि स्रोत सुनिश्चितता सम्बन्धमा ।

८. रकमान्तर सम्बन्धमा (वडा नं २ को र स्वास्थ्य शाखा) ।

९. आर्थिक सहयोग सम्बन्धमा ।

१०.सदस्य सचिव तोक्ने सम्बन्धमा ।

११.विविध सम्बन्धमा ।

क. का.स. तालिम सञ्चालन सम्बन्धमा ।

ख. सडक निर्माण सम्बन्धमा ।

ग. शिक्षकहरुलाई जातिय पोशाक अनिवार्य गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री तारा किरण राई प्रदेश लोक सेवा आयोग वागमती प्रदेश हेटौंडा अन्तर्वार्ता तथा सिफारिस शाखाको सूचना नं ३५५/०८१/०८२ सहित मिति २०८२/१/२३ गतेको उम्मेदवार सिफारिस गरिएको सूचना अनुसार नवौं तह (अप्राविधिक) प्रशासन सेवा सामान्य प्रशासन समूह अधिकृत नवौं पदमा सिफारिस हुनु भई प्रमुख प्रशासकीय अधिकृत पदमा कर्मचारी रिक्त भए संगै यस कार्यालयबाट प्रवाह हुने सेवहरु थप्प भएको हुँदा आजको कार्यपालिका वैठकले नयाँ प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था नभए सम्मको लागी यस कार्यालयको स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृतस्तर सातौं तहका प्रशासकीय अधिकृत (सिनियर कर्मचरी) श्री युवराज ओलीलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा जिम्मेवारी दिई नियमित कामकाज गराउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस गरि पठाउने भनि सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाले मिति २०८१/६/६ गतेको कार्यपालिका वैठकको निर्णय नं १ ले **"यस लिम्चुङबुङ गाउँपालिकाको मातहतमा रहेको सार्वजनिक बस गाउँपालिकाले सञ्चालन तथा व्यवस्थापन गर्नको लागी असहज भई मिति २०८१/५/१८ गतेको कार्यपालिका वैठकको निर्णय अनुसार अन्य कुनै व्यक्ति/निकायलाई भाडामा दिने भनि गरिएको निर्णय अनुसार यस कार्यालयको मिति २०८१/५/१९ गते सूचना नं ११ सहित आवेदन पेश गर्ने सम्बन्धी सूचना अनुसार एकमात्र आवेदन यसै गाउँपालिकाको वडा नं ४ बलम्ता निवासी श्री सुनिल राईले मासिक रु, ४०,५५५।०० (अक्षरुपी चालिस हजार पाँच सय पच्पन्न मात्र) का दरले भाडामा दिने"** भनि गरेको निर्णयलाई प्रचलित कानून बमोजिमको रित नपुगेको कारण सो निर्णयलाइ बदर गरी पुन सूचना प्रकाशन गरी प्रकृया पुरा गरी भडामा दिने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाले निर्माण गरिरहेको एभरेष्ट भ्यू टावरको सम्झौता अनुसार निर्माण अवधि सकिएको हुँदा तपसिल बमोजिमको ठेक्काको म्याद थप गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः**

| सि.नं | निर्माण कार्य | ठेक्का नं | म्याद सकिने | म्याद थप |
|---|---|---|---|---|
| १ | Construction of Everest View Tower | LRM/Udayapur/WORKS/NCB/18/077-078 | २०८१/१२/३१ | २०८२/६/३१ |

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाले सञ्चालन गरेको श्री एल.वि.कार्की स्मृति लिम्चुङबुङ अस्पतालमा स्टाफ नर्स पदमा कार्यरत कर्मचारीहरु २ जनाले पदबाट राजिनामा दिई पद रिक्त रहेको हुँदा करार सेवामा नियुक्तिको लागि १५ दिनको म्याद राखि विज्ञापन प्रकाशन गरी कर्मचारी नियुक्ति गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

५. यस गाउँपालिकाले सञ्चालन गरेको श्री एल.वि.कार्की स्मृति लिम्चुङबुङ ५ शैय्याको अस्पताल प्रचलित कानून बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा दर्ता गर्नु पर्ने भएको तर हालसम्म तहाँ दर्ता नभएको हुँदा नियमानुसार दर्ता गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

६. यस गाउँपालिकाको श्री एल.वि.कार्की स्मृति लिम्चुङबुङ अस्पतालमा स्वीकृत दरबन्दी बमोजिम तपसिलको कर्मचारी आगामी आ.व. ०८२/०८३ देखि व्यवस्थापन गरी सञ्चालन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| सि.नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | Doctor | १ | |
| २ | HA | २ | |
| ३ | Radiographer | १ | |
| ४ | Lab Technician | १ | |
| ५ | Lab Assistant | १ | |
| ६ | ANM | १ | |
| ७ | Staff Nurse | २ | |
| ८ | प्रशासनीक कर्मचारी | १ | |
| ९ | का.स. | १ | |
| १० | सरसफाई कर्मी | १ | |

७. यस गाउँपालिकाको मातहतमा रहेको एक्साभेटर मर्मत गर्नु पर्ने भएको तर आवश्यक बजेट नभएको हुँदा विगतको भुक्तानी बाँकि दायित्व शिर्षकबाट रकमान्तर गरी मर्मत भुक्तानी गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

८. यस गाउँपालिकाको चालु आ.व. ०८१/०८२ अन्तर्गत वडा नं २ र स्वास्थ्य शाखाको तपसिलको शिर्षकमा भएको बजेटलाई नयाँ शिर्षकमा रकमान्तरण गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| सि.नं. | हालको शिर्षक | बजेट | नयाँ शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | विविध | ३०००००।०० | कार्यालय व्यवस्थापन तथा फर्निचर फिक्चर्स | वडा नं २ |
| २ | इम्प्लान्ट तालिम | १५००००।०० | ०८०/०८१ म.स्वा.स्व.से. यातायात भत्ता (१०००००)<br>योगा प्रशिक्षक प्रशिक्षण कार्यक्रम (५००००) | स्वास्थ्य शाखा |

९. यस लिम्चुङबुङ गाउँपालिका वडा नं ४ बलम्ता स्थायी ठेगाना भएको श्री सुदिप राई (ना.प्र.नं १४१०२४/१००५०७) को छोरी श्री हर्सिका राई वर्ष ३ को जन्मजात मुटु रोगी भई मुटुमा प्वाल परेको साथै निजको घरको आर्थिक अवस्था समेत दयनिय अवस्थामा रहेको कारण आर्थिक सहयोग गरिदिनु भनि पेश गरेको निवेदन अनुसार यस गाउँपालिकाको आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ अनुसार परिच्छेद-३ को समूह क अन्तर्गत परेको हुँदा सो कार्यविधि अनुसार रु, १५०००।०० (अक्षरुपी रु पन्ध्रहजार) रुपैंया आर्थिक सहयोग गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

१०. यस गाउँपालिकाको विषयगत समिति सामाजिक विकास समितिको सदस्य सचिव शिक्षा शाखा प्रमूखलाई जिम्मेवारी तोक्ने भनि सर्वसम्मत निर्णय गरियो ।

११. यस प्रस्ताव माथि तपसिल बमोजिम निर्णय गरियो ।

क. यस गाउँपालिकाको मातहतका विद्यालय, स्वास्थ्यचौकी, वडाकार्यालयहरु तथा गाउँपालिकामा कार्यरत सम्पूर्ण कार्यालय सहयोगीहरुलाई कार्यालय सञ्चालन सम्बन्धि मिति २०८२/२/८-९ दुइ दिने तालिम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख. यस लिम्चुङबुङ गाउँपालिकाको विगतको तेल खरिद सम्बन्धी शिर्षकको बाँकि मौज्दात रकमबाट आहाले पुछार टोल तथा कुनाही सडक निर्माण र कुनाही देखि लैकुघाटसम्म खन्ने साथै वडा नं ३ को तेल खरिद शिर्षकमा रहेको बजेटबाट खरिद गरेको डिजेल मुल सडक मर्मत गर्दा पालिकाले चलायएको ४८० लिटर डिजेल पालिकाले खरिद गरी वडा नं ३ लाई जिम्मा दिने ।

ग. यस गाउँपालिकाले आफ्नो मातहतका कर्मचारीहरुलाई हप्तामा २ दिन आ-आफ्नो जातिय पोशाक अनिवार्य लगाउने निर्णय गरे संगै निर्णय कार्यान्वयन भई रहेको अवस्थामा थप यस गाउँपालिकाको सम्पूर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुलाई समेत आगामी २०८२/५/१ गते देखि हप्तामा २ दिन आइतबार र सोमबार आ-आफ्नो जातिय पोशाक अनिवार्य लगायर मात्रै आ-आफ्नो शैक्षिक संस्थानमा अध्यापन गर्न गराउनको लागि निर्देशन दिने भनि सर्वसम्मत निर्णय गरियो ।